**मिति २०८१ भाद्र २४ गतेको तेश्रो कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. जनबोध मा.वि. को DPR स्वीकृत गरी श्रोत सुनिश्चित सहित टेण्डर आव्हान सम्बन्धमा ।
३. सडक मर्मत संभार सम्बन्धमा ।
४. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
५. विपद् व्यवस्थापन सम्बन्धमा ।
६. गाउँपालिकाको हेभी इक्युम्मेन्ट संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।
७. स्थानीय रोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ सम्बन्धमा ।
८. औषधी उपचार बापत खर्च उपलब्ध गराउने ।
९. स्रोत सुनिश्चितता गरी टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
१०. ऐतिहासिक धार्मिक क्षेत्र रुरुक्षेत्र पुर्वाधार निर्माणको DPR स्वीकृत गरी श्रोत सुनिश्चित सहित टेण्डर आव्हान सम्बन्धमा ।
११. आयुर्बेद औषधीको गत आ.व. को दररेट अनुसार टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
१२. टयाक्टर ड्राईभरको शैक्षिक योग्यता साक्षर कायम गरी विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।
१३. बजेट व्यवस्था सम्बन्धमा ।
१४. परिपत्र निर्देशन सम्बन्धमा ।

## मिति २०८१/०५/२४ गतेको तेश्रो गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | जनबोध मा.वि. विद्यालय भवन निर्माणको DPR स्वीकृत गरी संघीय सरकार सशर्त अनुदान अन्तर्गत विनियोजित बजेट रु. १ करोडमा थप रु. ३६ लाखको श्रोत सुनिश्चितता गरी जम्मा बजेट रु. १ करोड ३६ लाखको टेण्डर आव्हान गर्ने । |
| ३. | मिति २०८१/०४/२५ मा बसेको गाउँ शिक्षा समितिको बैठकले गरेका निर्णयहरुलाई स्वीकृत गर्ने । |
| ४. | भारी वर्षाको कारणले गाउँपालिकाका विभिन्न वडामा रहेका सडकहरु अवरुद्ध भई जनजीवनमा असहज परिस्थिती आएको, सडक अवरुद्धले दैनिक जीवन यापनमा समस्या परेको नागरिकहरुबाट गुनासो आइरहेकोले अवरुद्ध सडकहरुलाई तत्तकाल मर्मत संभार गरी जनजीवनलाई सहज बनाउन गाउँसभाबाट वडाहरुको सडक मर्मतको लागि विनियोजित बजेटलाई एकिकृत गरी गाउँपालिकाको डोजर र आवश्यक डोजरहरु भाडामा लिई गाउँपालिकाबाट असोज पहिलो हप्तादेखी सडक मर्मतको कार्य सम्पन्न गर्ने । |
| ५. | विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार विपद् व्यवस्थापन समितिको बैठक बस्ने तथा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक सामग्री तथा अन्य व्यवस्था मिलाउने । |
| ६. | गाउँपालिकाको हेभी इक्युम्मेन्ट संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ बैठकमा पेश भई छलफल भयो । आगामी कार्यपालिका बैठकबाट पारित गर्न सबै सदस्यहरुले आ-आफ्नो रायसुझाव पेश गर्ने । |
| ७. | गाउँपालिकाको स्थानीय रोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने । |
| ८. | मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्वंन्धी कार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।<br>देहाय: |

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | पुनम बगाले | रुरुक्षेत्र-१ | क्यान्सर | ४१३०२५/११६ | २०८१ श्रावण १ |
| २. | चित्र वहादुर पुन | रुरुक्षेत्र-४ | क्यान्सर | ८० | २०८१ असोज १ |

९. चालु आ.व. २०८१/०८२ का देहायका योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेटमा स्रोत सुनिश्चितता गरी कुल बजेटको टेण्डर आव्हान गर्ने ।

देहाय:

| क. सं. | बजेटको स्रोत | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | स्रोत सुनिश्चितता गरिएको रकम | कुल बजेट |
|---|---|---|---|---|---|
| १. | प्रदेश शसर्त | उपल्लो कुलो पाँगा सिंचाई योजना, रुरुक्षेत्र-५, गुल्मी | १० लाख | ३ लाख | १३ लाख |
| २. | प्रदेश शसर्त | अधुरो भयरथान मन्दिर संरक्षण र ज्ञवा दुर्गा मन्दिर एकिकृत विकास योजना रुरु ४, गुल्मी | ५ लाख | ५ लाख ६० हजार | १० लाख ६० हजार |

१०. ऐतिहासिक धार्मिक क्षेत्र रुरुक्षेत्र पूर्वाधार निर्माणको DPR स्वीकृत गरी विनियोजित वजेट रु. ६८ लाखमा रु. २२ लाखको श्रोत सुनिश्चितता गरी कुल बजेट रु. ९० लाखको टेण्डर आव्हान गर्ने ।

११. आयुर्बेद तर्फको औषधी खरिदको लागि गत आ.व. को दररेटलाई आधार मानी चालु आ.व. को लागि सशर्त तर्फ विनियोजित बजेट रु. ५ लाख र निसर्त तर्फ विनियोजित बजेट रु. २ लाख गरी जम्मा बजेट रु. ७ लाखमा रु. ३ लाख श्रोत सुनिश्चितता गरी रु. १० लाखको टेण्डर आव्हान गर्ने ।

१२. गाउँपालिकाबाट टयाक्टर ड्राईभर करार सेवामा नियुक्तिको लागि दुई पटकसम्म विज्ञापन गर्दा समेत कुनै उम्मेद्वारले दरखास्त पेश नगरेको हुँदा टयाक्टर ड्राईभरको न्यूनतम शैक्षिक योग्यता साक्षर कायम गरी तेश्रो पटक ७ दिनको सूचना प्रकाशन गरी विज्ञापन प्रकाशन गर्ने ।

१३. देहायका योजनाहरुको लागि भैपरी आउने पुँजीगत शिर्षकबाट रकम विनियोजन गर्ने ,
(क) ६ नं. वडा कार्यालय, रिमुवाको गेट निर्माण (लागत अनुमान अनुसार) ।
(ख) अंकुर आमा समुह, रुरुक्षेत्र-६ को भवन मर्मत (लागत अनुमान अनुसार) ।
(ग) बम्घाकोट मन्दिर व्यवस्थापनको लागि रु. १ लाख २५ हजार
(घ) पार्किङ्ग ट्रस निर्माण, रुरुक्षेत्र-१ रु. १ लाख ८५ हजार
साथै अल नेपाल भारतीय पूर्व सैनिक कल्याणकारी संघ नेपालले यस गाउँपालिकाको वडा नं. ६, रिमुवामा संचालन गरेको एम्बुलेन्स विगत ४ बर्ष देखी बिग्रेर थन्किएको हुँदा स्थानीय जनतालाई समस्या भएको हुँदा एक पटकको लागि मात्र मर्मत गरिदिनुहुन भनी लेखी आएको हुँदा उक्त एम्बुलेन्स मर्मतको लागि प्राप्त भएको लागत अनुमान रु. ३ लाख विविध भैपरी आउने चालु खर्च शिर्षकबाट विनियोजन गरी एम्बुलेन्स मर्मत गर्ने ।

१४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षकको कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त परिपत्र तथा निर्देशनहरुको पालना गर्ने गराउने ।